नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फयाक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः२०७७ साउन १८ गते ।

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

# प्रेश विज्ञप्ती

नेपाल बार एशोसिएशन आफ्नो स्थापनाकालदेखि नै संवैधानिक सर्वोच्चता, विधिको शासन, मानव अधिकार, स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका, प्रेस स्वतन्त्रता, व्यवसायिक हक हित संरक्षण र प्रवर्धनको पक्षमा सदा क्रियाशील रही आएको छ । उल्लेखित कुनै पनि विषयमा कहिं कतैबाट जुनसुकै रूपमा पुऱ्याएको वा पुऱ्याइने दखल, हस्तक्षेपको हामी खुलेर विरोध गर्दछौं । सोका लागि समय-समयमा नेबाएले गर्दै आएका आन्दोलन, विरोध तथा सुझावहरु सबैका सामु छर्लङ्ग नै छन् ।

न्यायपालिकाले स्वतन्त्रता, सक्षमता, निष्पक्षता तथा न्यायिक सद्विवेकको आधारमा कानून बमोजिम न्याय सम्पादन गर्नुपर्ने कुरामा कुनै विवाद हुन सक्दैन । कहिलेकाँहि कुनै अदालतबाट भएका आदेश, फैसलालाई लिएर विभिन्न सञ्चार माध्यमहरुबाट विभिन्न समाचारहरु पनि प्रकाशिन हुने गरेको पाईएबाट उल्लेख भए अनुसार काम, कारवाही नभई राखेको भन्ने नेबाएलाई पनि महसुस भएको छ । तसर्थ अदालतको सहयोगी, अदालतको स्वतन्त्रता, सक्षमता, निष्पक्षताको पक्षमा विकृति, विसंगति विरुद्ध सँधै आवाज उठाईरहने संस्था नेबाए मुकदर्शक भएर रहन सक्दैन । त्यसैले नेबाएको आज मिति २०७७ साउन १६ गते बसेको बैठकको निर्णयानुसार नेपाल राज्यभरका अदालतहरुबाट विकृति, विसगंतिजन्य आदेश तथा फैसला कुनै भएको भन्ने पाईएमा सो विषयमा नेबाएले अध्ययन गरि सम्बन्धित निकायमा आवश्यक कार्यार्थ लेखि पठाउने निर्णय भएकोले सम्पूर्ण बार एकाईहरुलाई त्यस किसिमका कुनै आदेश तथा फैसला भएको भए नेबाएमा पठाईदिनुहुन अनुरोध गरिएको छ ।

कुनै अदालतबाट भएका एकाध आदेश, फैसलालाई लिएर सञ्चार माध्यम तथा जनस्तरबाट समेत गम्भीर रुपमा भएका विरोध तथा समाचार सम्प्रेषणबाट न्यायपालिकाको जनआस्थामा गम्भीर दख्खल पुग्न जाने हुँदा यस्ता नकारात्मक समाचार वा विरोधको विषय बन्ने आदेश, फैसलाहरु हुनु हुँदैन । कानून बमोजिम न्यायपूर्ण फैसला हुनुपर्दछ भन्ने कुरामा नेबाए सँधै दृढ रहि समय-समयमा सर्वोच्च अदालत र न्याय परिषद् समक्ष ध्यानाकर्षण गराउँदै आएको र त्रुटीको गम्भीरता हेरी नेबाए स्वयं पनि आन्दोलनमा सरिक भएको बिगत पनि स्मरण गराउन चाहन्छौं ।

विगत केहि समय अगाडिदेखि सम्मानीत सर्वोच्च अदालत लगायत मातहत अदालत समेतका आदेश फैसलाहरुलाई लिएर आम सञ्चार माध्यम तथा जनस्तरबाट भएका टिका-टिप्पणी र गुनासाहरुका विषयमा नेपाल बार एशोसिएशनको गम्भीर ध्यानाकर्षण भएको छ । अदालतका आदेश, फैसलाहरुमा बौद्धिक बहस, छलफल हु सक्छ तर समग्र न्यायपालिका र न्याय प्रणालीप्रति नै अनास्था फैलाउने किसिम टिका-टिप्पणी र प्रदर्शन गर्ने कार्यलाई उचित मान्न सकिँदैन । अदालतका आ फैसलाहरुमा भएका त्रुटीहरु कानूनबमोजिम अदालतबाटै सच्याउने विधि र प्रक्रि

नेपाल बार एशोसिएशन
रामशाहपथ, काठमाडौं, नेपाल
फोन नं : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३६
इमेलः neba@nepalbar.org
वेबः www.nepalbar.org

प.सं.

मितिः

केन्द्रीय कार्यसमिति
(२०७६-२०७९)

अध्यक्ष
चण्डेश्वर श्रेष्ठ

उपाध्यक्ष
सुनिल कुमार श्रेष्ठ
मान बहादुर रुम्दाली
ईश्वरी प्रसाद भट्टराई
सुरेन्द्र थापा मगर
रामचन्द्र सिंह राजपूत
मिन बहादुर महत
उमेश प्रसाद बिष्ट
रक्षा वस्याल

महासचिव
लीलामणि पौडेल

कोषाध्यक्ष
रुद्र प्रसाद पोखेल

सदस्य
डा. शिवराज पण्डित
गंगा सागर खत्री
भीमसेन वन्जारा
भुवन प्रसाद निरौला
प्रकाश महर्जन
बाल कृष्ण गैरे
अन्जु कायस्थ
मोहन साशंकर
खिमानन्द अधिकारी
कल्पना कुमारी भण्डारी
बीना कुमारी सिंह (चौंधरी)
पंचनारायण मण्डल
बद्रीनारायण नगरकोटी
मनोजकुमार चौधरी

संविधान, ऐन, नियम बमोजिम नै हुने गर्दछ । अदालत सँधै जनआस्थामा टिकेको हुन्छ । नागरिकको अदालतप्रतिको आस्था टुट्न गएमा मौलिक हकको प्रचलन दुरुह हुने त छँदैछ, साथै लोकतान्त्रिक शासन व्यवस्थाप्रति नै अनास्था फैलिने र अन्ततः कानून विहीनता र मत्स्य न्यायको स्थिति सिर्जना हुन जान्छ । तसर्थ अदालतप्रतिको जनआस्था कमजोर पार्ने किसिमका गतिविधिमा नलाग्न सम्पूर्ण सञ्चार माध्यम तथा सर्वसाधारणहरुमा हार्दिक अपिल गर्दछौं ।

नेबाएले यस अघि पनि पटक-पटक न्यायपालिकाको र न्याय परिषद्का काम, कारवाहीका सम्बन्धमा विभिन्न सुझावहरु मार्फत ध्यानाकर्षण गराउँदै आएको छ । उक्त सुझावहरुलाई शिघ्र ग्रहण गरि आवश्यक सुधारको प्रक्रिया थालनी गर्न सर्वोच्च अदालत र न्याय परिषद्सँग माग पनि गर्दछौं । यसै सन्दर्भमा पेशी सूची व्यवस्थापन विषय र न्यायाधीश नियुक्तिको विषयमा यस अघि नेवाएले गराएको ध्यानाकर्षणप्रति गम्भीर भएर सर्वोच्च अदालतमा दिईएको ध्यानाकर्षणहरु मध्ये पेशी सूची प्रकाशनमा पटक-पटक अवैज्ञानिक किसिमबाट भएको पाईएकोले मुद्दाको पेशी सूची स्वचालित (Automation) पद्दतीमार्फत गरिनु पर्दछ भन्ने सम्बन्धमा बिगत केहि वर्ष अगाडिदेखिको ध्यानाकर्षणको हालसम्म सम्बोधन नभएको र आम कानून व्यवसायी र पक्षहरुको समेत गुनासो रहि आएकोले सर्वोच्च अदालत र उच्च अदालतहरुमा सबैको विश्वास हुने किसिमबाट पेशी सूची प्रकाशन गर्न विद्युतीय स्वचालित प्रणाली प्रक्रिया अविलम्ब अवलम्बन गरियोस् भनि जोडदार माग गर्दछौं ।

अधिवक्ता लीलामणि पौडेल
महासचिव